# तोसिमा नगर: बहुसांस्कृतिक सहअस्थित्व प्रवर्द्धनको आधारभूत नीति

सन् २०१९ साल मार्च

तोसिमा नगर

# शब्दावली

* बहुसांस्कृतिक सहअस्तित्व भन्नाले 'राष्ट्रियता र जातियतामा भिन्नता भएका मानिसहरूले एक अर्काका सांस्कृतिक भिन्नता स्वीकार्दै समान सम्बन्ध निर्माण गर्दै स्थानीय समुदायको सदस्यको रूपमा सँगै जीवन बाँच्नु' हो।
  ("बहुसांस्कृतिक सहअस्तित्वको प्रवर्द्धन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन" (सन् २००६, आन्तरिक मामिला तथा संचार मन्त्रालय)
* यस आधारभूत नीतिमा, सर्वेक्षणको शीर्षक अथवा स्रोत सामग्रीमा उल्लिखित शब्दहरू वा वाक्यांशहरूलाई उद्धृत गर्दा बाहेक **'विदेशी'** शब्द प्रयोग नगरी निम्नानुसार परिभाषित गरिएको छ।

◇ **'नगरवासी'**

तोसिमा नगरमा बसोबास गर्ने वा काम गर्ने अथवा अध्ययन गर्नेहरू

◇ **'जापानी नागरिक नगरवासी'**

जापानी राष्ट्रियता भएको नगरवासी

◇ **'विदेशी नागरिक नगरवासी'**

जापान बाहेक अन्य विदेशी राष्ट्रियता भएको नगरवासी

◇ **'विदेशी मूलको जापानी नागरिक नगरवासी'**

१) सूचना दिई जापानी राष्ट्रियता प्राप्त गरेको नगरवासी

२) बुबाआमामध्ये एक जना अथवा दुवै जना विदेशी मूलको जापानी राष्ट्रियता भएको नगरवासी


◇ **'विदेशी नागरिक निवासी'**

'विदेशी नागरिक नगरवासी'हरूमध्ये तोसिमा नगरमा निवासी दर्ता गरेको व्यक्ति

◇ **'विदेशी नागरिक आदि नगरवासी'**

'विदेशी नागरिक नगरवासी' तथा 'विदेशी मूलका जापानी नागरिक नगरवासी'

**यस आधारभूत नीतिमा प्रयोग गरिएका शब्दहरूको परिभाषा**



# विषय-सूची


I आधारभूत नीति तर्जुमाको लागि ..... 4

1 तर्जुमाको पृष्ठभूमि ..... 4
2 आधारभूत नीतिको स्थान ..... 4

II वर्तमान स्थिति र चुनौती ..... 5

1 विदेशी नागरिक निवासीको अवस्था ..... 5
2 मुख्य चुनौती ..... 6

III बहुसांस्कृतिक सहअस्तित्वको मूलभूत अवधारणा ..... 6

IV बहुसांस्कृतिक सहअस्तित्वको मूलभूत कार्यक्रम ..... 7

1 विदेशी नागरिक आदि नगरवासीको जीवन यापनको लागि सहायता ..... 7

(1) भाषा, नियम आदिको अध्ययनको लागि सहायता ..... 7
(2) जानकारी उपलब्ध गराउने संयन्त्र निर्माण ..... 7
(3) सहयोगी संघसंस्थाहरूसँको संयोजन ..... 7

2 सहअस्तित्व चेतनाको सृष्टि र अन्तर्क्रियाको प्रबर्धन ..... 8

(1) चेतनाको अभिवृद्धि ..... 8
(2) अन्तर्क्रियाको प्रवर्द्धन ..... 8

3 विदेशी नागरिक आदि नगरवासीको क्रियाकलापको लागि सहायता ..... 8

## I आधारभूत नीति तर्जुमाको लागि

### 1 तर्जुमाको पृष्ठभूमि

बहुसांस्कृतिक सहअस्तित्वलाई आन्तरिकतथा संचार मन्त्रालयको "बहुसांस्कृतिक सहअस्तित्वको प्रवर्द्धन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन" सन् २००६ मा राष्ट्रियता आदि भिन्नता भएकाहरूले एक अर्कालाई स्वीकार्दै समान सम्बन्ध स्थापित गरी स्थानीय समुदायको सदस्यको रुपमा सँगै जीवन बाँच्नु हो भनी परिभाषित गरिएको छ।

तोसिमा नगरमा विदेशबाट पर्यटकहरू थुप्रै आउने मात्रै होइनन्, विदेशी नागरिक निवासीको संख्या पनि वृद्धि हुँदै आएको छ। बिगतमा पनि बिबिधता बोकेकाहरूलाई स्वीकार गर्दै विकास भएको यस तोसिमा नगरको इतिहास छ। हाल तोसिमा नगरमा भियतनाम, नेपाल र म्यानमार लगायत एसियाका विभिन्न मुलुकबाट आएका नगरवासीको संख्या बढ्ने क्रम तिब्र छ।

त्यस कारण अहिलेसम्म अपनाउदै आएको अंग्रेजी, चिनियाँ, कोरियाली भाषामा सूचना प्रदान गर्ने तरिका र जापानी भाषा अध्ययनको लागि गरिएको सहयोगमा पनि विषयवस्तु र शैली पुनर्विचार गर्नु पर्ने टड्कारो आवश्यकता महसुस गरिएको छ।

साथै अहिलेसम्म विदेशी नागरिक आदि नगरवासीहरूलाई पुर्‍याउँदै आएको 'सहयोग' गर्ने शैलीको अलावा सहअस्तित्वको दृष्टिकोणबाट सरोकारवाला स्थानीय निवासीमा पनि 'समझदारी, 'वार्तालाप', 'सहिष्णुता' जस्ता तत्वहरूको महत्त्व बढ्दैछ।

बहुसांस्कृतिक सहअस्तित्वको प्रवर्द्धनको लागि भिन्न संस्कृतिबीचमा हुने आपसी पहिचानबाट आपसी समझदारीमा विकसित गराउनको कार्यक्रमहरूबीच एक-अर्कामा संयोजित हुनाले बहुसांस्कृतिक सहअस्तित्व सम्बन्धी वातावरण विकास गर्नु पर्ने आवश्यकता बढ्ने अनुमान गरिएको छ।

तिनीहरूमा विदेशी नागरिक आदि नगरवासीहरूले जापानी भाषा सिकी जापानी सस्कृतिलाई गहिराईबाट बुझ्नका साथसाथै जापानी नागरिक नगरवासीलाई विदेशी नागरिक आदि नगरवासीको आ-आफ्नो जीवन-संस्कृतिलाई स्वीकार्ने सहिष्णुताको आवश्यकता पर्छ। यसरी एक-आपसमा चेतना अभिवृद्धि गराउँदै सहअस्तित्वको भावन बुझ्न सक्ने बनाउनु चुनौतीको रूपमा आएको छ।

त्यसकारण यस नगरमा विदेशी नागरिक आदि नगरवासीप्रतिको सम्बोधन तथा अन्तर्सांस्कृतिक आदान-प्रदान समेतको बहुसांस्कृतिक सहअस्तित्व प्रवर्द्धन आधारभूत नीति तर्जुमा गर्ने भयो।


यस नगरको "स्वशासनको प्रवर्द्धन सम्बन्धी आधारभूत ऐन (सन् २००६ सालको १ नं. नगर ऐन)' मा 'बिबिधताप्रति सम्मान'लाई मूल सिद्धान्तको रूपमा लिएको छ।

यसै सन्दर्भमा राज्यको बहुसांस्कृतिक सहअस्तित्वको परिभाषालाई अनि यस नगरमा बस्ने विदेशी नागरिक निवासीको संख्या कुल निवासीको १०%भन्दा बढि भएको वर्तमान स्थितिलाई हृदयंम गरी विदेशी नागरिक नगरवासी तथा विदेशी मूलका जापानी नागरिक नगरवासीहरूमाकेन्द्रित गरी बहुसांस्कृतिक सहअस्तित्व सम्बन्धी विचार-विमर्श गरियो।


### 2 आधारभूत नीतिको स्थान

यस आधारभूत नीतिको मथिल्लो तहको योजना "तोसिमा नगर आधारभूत योजना २०१६-२०२५" को आधारमा तोसिमा नगरमा गरिने बहुसांस्कृतिक सहअस्तित्व कार्यक्रमलाई पुनः तर्जुमा गरी अझ अगाडि बढाउनको लागि यस आधारभूत नीति रहेको छ।

**आधारभूत नीतिको स्थान**




**सम्बन्धित योजनाको अवधि**




## II वर्तमान स्थिति र चुनौती

### 1 विदेशी नागरिक निवासीको अवस्था

तोसिमा नगरमा धेरै एशिया मूलका, २०-२९ उमेर वर्गका, विदेशी बिद्यार्थी र एकल परिबारका विदेशी नागरिक निवासीहरू बसोबास गरेका छन्। केही बर्षयता बर्सिक २,००० भन्दा बढि संख्या वृद्धि भइरहेको छ। साथै विदेशी नागरिक निवासीहरूको बहुराष्ट्रीकरण (१०० भन्दा बढि देश) पनि भइरहेको छ।

○विदेशी नागरिक निवासी: ३०,३८४ जना, कुल जनसंख्याको १०.५% (सन् २०१८ नोभेम्बर १ मा)

○राष्ट्रियता अनुसार विदेशी नागरिक निवासीको संख्या (जना)

- चिनियाँ(१४,३२३), भियतनामी (३,६३१), नेपाली (३,४६३), कोरियन (उत्तर र दक्षिण) (२,६५४), म्यानमार (२,२६९), फिलिपिन्स (५१५), अमेरिका (४३९), थाई र फ्रान्स (२८५), बंगलादेश (२७३) क्रमशः बढि संख्या भएका देशहरू हुन्।
- गत ६ बर्षमा भियतनामी निवासी करिब १३ गुना, नेपाली निवासी करिब ५ गुना र म्यानमार निवासी करिब २ गुनाले बढेका छन्।
- विदेशी नागरिक निवासीका निवास क्षेत्रहरूमा सबभन्दा बढि इकेबुकुरो, दोस्रो हिगासी-इकेबुकुरो र तेस्रो किता-ओचुका आउँछ।
- उमेरवर्ग अनुसारको निवासी संख्या र अनुपातः २० शदेखि २९ बर्षका सबभन्दा बढी र कुल निवासी संख्याको करिब आधा।
- भिसाको प्रकार: 'विद्यार्थी' सबभन्दा बढी। विादेशी नागरिक निवासीको पुग्नपुग आधा।
- बसाइको अवधि: '१ देखि २ बर्ष' सबभन्दा बढी, त्यसपछि '३ देखि ५ बर्ष' ।
- परिवार संख्याको आधारमा विदेशी नागरिक निवासीको परिवार संख्याः ८०% भन्दा बढि एकल परिवार।

## 2 मुख्य चुनौती

○ विदेशी नागरिक नगरवासीहरू खास गरी अंग्रेजी, चिनियाँ र कोरियन भाषाबाहेक अन्य भाषा प्रयोग गर्ने नगरवासी र भर्खर जापान आएका विदेशी नागरिक आदि नगरवासीको लागि आवश्यक पर्ने दैनिक जीवन सम्बन्धी जानकारी पुग्न सकेको छैन।

○ बिदेशी नागरिक आदि नगरवासी जो भर्खर आएका छन्, उनीहरुलाई दैनिक जीवन यापन सम्बन्धी नियम र व्यवस्था (जस्तै फोहरको वर्गीकरण, कर प्रणाली, स्वास्थ्य बिमा, इत्यादि) बुझेर विभिन्न प्रक्रिया चलाउन कठिन अवस्थामा हुने हुँदा स्थानीय निवासीहरूसँग समस्या उत्पन्न हुने कारण बन्छ।

○ आफ्नै देशका नगरवासी समुदायमै काम वा जीवनले पूर्णता पाउने हुनाले आदान-प्रादनको आवश्यकता महसुस हुँदैन र जापानीहरूसँगको सहअस्तित्वबोध उत्पन्न नहुने स्थिति कतैकतै देखिएको छ।

## III बहुसांस्कृतिक सहअस्तित्वको मूलभूत अवधारणा

### बहुसाँस्कृतिक सहअस्तित्वको शहर निर्माण

- जुनसुकै राष्ट्रियता वा जातिको होस् वार्डवासीहरूको आ-आफ्नो मुल्य र मान्यता हुन्छ। विदेशीसमेतका विविध वार्डवासीहरू एक आपसमा सम्मान गरी सुरक्षित भएर बस्न सकिने बहुसांस्कृतिक सहअस्तित्वलाई अघि बढाई सम्पन्न समुदायको निर्माण गरिनेछ।
- राष्ट्रियता वा जातिको सीमा पार गरी स्थानीय समुदायको सदस्यको रूपमा सहअस्तित्वको प्रवर्द्धन गर्ने पहल गरिनेछ।

("तोसिमा वार्ड आधारभूत योजना २०१६-२०२५" बाट उद्धृत)

## IV बहुसांस्कृतिक सहअस्तित्वको मूलभूत कार्यक्रम

### 1 विदेशी नागरिक आदि वार्डवासीको जीवन यापनको लागि सहायता

#### (1) भाषा, नियम आदिको अध्ययनको लागि सहायता

जापानी भाषा कक्षा जस्तो ठाउँमा भाषाको अध्ययन गर्नु विदेशी नागरिक नगरवासीको लागि जापानको समाजमा प्रवेशद्वार हुने अत्यन्तै महत्वपूर्ण कुरा हो।

त्यहाँ जापानी भाषाका साथसाथै जापानमा बस्नको लागि आवश्यक पर्ने जापानको व्यवस्था र नियमहरूको बारेमा जान्न अपेक्षा गरिन्छ।

यो विदेशी नागरिक आदि नगरवासीहरूले नगरवासीको रूपमा दायित्व, हक र अधिकार बोध गर्नको लागि नागरिकता शिक्षा पनि हो।

यसको प्रवर्द्धनको लागि विदेशी नागरिक आदि नगरवासीहरूले आफ्नो काम वा विद्यालयको अनुकुल मिल्ने गरी सिक्न जान सकुन् भनी जापानी भाषा अध्ययनको अवसर वृद्धि गराइन्छ।

साथै त्यसको लागि स्वयंसेवक जस्तो नगरवासीहरूको सहभागिताको लागि सहायता दिंदै जानेछ।

#### (2) जानकारी उपलब्ध गराउने संयन्त्र निर्माण

नगरले उपलब्ध गराउने जानकारीको सम्बन्धमा हालसाल पूर्वी एसिया बाहेकका एसियाली मुलुकहरूबाट आएकाहरूको संख्या वृद्धि भएकोमा बहुभाषामा प्रसार गर्न विचार गरिनेछ।

त्यसका साथसाथै सामजिक संजाल समेत विविध उपकरणको प्रयोग गरेर जानकारी संचार गर्ने माध्यमको पनि विचार गर्दै जानेछ।

झन् सुक्ष्म ढंगले जानकारी पुऱ्याउन  महत्त्वपूर्ण सहयोग दिन सक्ने नगरवासी र सम्बन्धित संघसंस्थासँग समन्वय गर्दै जानेछ।

विशेष गरी पिपत्तिको बेला विदेशी नागरिक नगरवासीलाई जानकारी पुऱ्याउने र नगर कार्यालयमा पीडितहरूको खाँचो बताउन सक्ने मानवसंसाधनको विकासगर्ने बारे विचार गर्दै जानेछ।

#### (3) सहयोगी संघसंस्थाहरूसँको संयोजन

विदेशी नागरिक आदि नगरवासीलाई दिने सहायता सुदृढीकरणको लागि नगरभित्र रहेका जापानी भाषा कक्ष र सहयोगी संघसंस्थाहरूको बीचमा संजाल निर्माण गर्नुमा सहयोग गर्नका साथै संयोजन गरिनेछ।

साथै विदेशी नागरिक आदि नगरवासीहरू जसले पनि सजिलोसँग जानकारी प्राप्त गर्न सक्ने गरी वा्रडले दिने सेवा, जापानी भाषा कक्ष र सहयोगी संघसंस्था सम्बन्धी जानकारी संचारको सशक्तीकरण गर्दै जानेछ।

## 2 सहअस्तित्व चेतनाको सृष्टि र अन्तर्क्रियाको प्रबर्धन

### (1) चेतनाको अभिवृद्धि

सानै उमेरदेखि बहुसांस्कृतिक सहअस्तित्वलाई स्वीकार्ने शिक्षा प्रदान गरेर विश्वनागरिकको धारणा लिएका मानव संसाधनको विकास गरिनेछ।

साथै भन्न संस्कृतिबारे समझदारी बढाई विदेशी नागरिक नगरवासी र जापानी नागरिक नगरवासीबीच सहअस्तित्व हुनको लागि चेतना सृजना गर्ने पहल गरिनेछ।

### (2) अन्तर्क्रियाको प्रवर्द्धन

विदेशी नागरिक आदि नगरवासी ले सांस्कृतिक अन्तर्क्रिया कार्यक्रम (गीत-संगीत, चित्रकला, नृत्य र खाद्य संस्कृति आदि) मार्फत नगर र समुदायका कार्यक्रमहरूमा सक्रिया सहभागी हुने अवसरहरूको सृजना गरिनेछ ।

साथै विदेशी नागरिक आदि नगरवासीको समुदाय र जापानी समाजको बीचमा हुने आदान-प्रदान स्थलको रूपमा भएका स्थानीय शिवरहरू (नगर कम्युनिटी प्लाजा) र सांस्कृतिक शिविरहरू (पुस्तकालय र स्थानीय संस्कृति सृजना केन्द्र) उपयोग गर्नुका अतिरिक्त अन्तर्क्रियाजन्य भाषा शिक्षा प्रवर्द्धन गर्दै जानेछ।

## 3 विदेशी नागरिक आदि वार्डवासीको क्रियाकलापको लागि सहायता

अन्तर्क्रिया र जानकारीको आदान-प्रदान गर्ने अवसर तयार पार्ने, भिन्न राष्ट्रियता भएका निवासीहरू बीचको पारस्परिक समझदारी अभिवृद्धि गर्ने उद्देश्यले एक अर्काको चालचलन परिचय गर्ने र सांस्कृतिक आदान-प्रदानको अवसर वृद्धि गराउने गरी स्थानीय तहको क्रियाकलापलाई सहायता दिइनेछ।

साथै विदेशी नागरिक नगरवासीको समुदयसँग समन्वय गरी एकै नगरवासीको रूपमा स्थानीय तहको चुनौतीको साझेदार हुन प्रोत्साहन दिंदै जानेछ।

तोसिमा वार्ड: बहुसांस्कृतिक सहअस्थित्व प्रवर्द्धनको आधारभूत नीति

सन् २०१९ मार्च
तोसिमा वार्ड, नीति योजना विभाग, योजना महाशाखा,
बहुसांस्कृतिक सहअस्तित्व प्रवर्द्धन शाखाद्वारा प्रकाशित

〒१७१-८४२२ तोसिमा वार्ड, मिनामि-इकेबुकुरो २-४५-१